जिल्ला समन्वय समिति
रामेछाप
२०७३

# जिल्ला समन्वय समिति, रामेछापको विज्ञप्तिः

जिल्ला समन्वय समितिको कार्यालय, रामेछापका एक होनहार, इमान्दार तथा आफ्नो जिम्मेवारी, कर्तव्य र दायित्वप्रति सदैव प्रतिवद्ध कार्यक्रम अधिकृत श्री नारायण सुवेदीलाई मिति २०७५।५।६ गते राति आफ्नै निवासमा सुतिरहेको समयमा सांघातिक आक्रमण गरिएको छ । यस दुःखद खवरले जिल्ला समन्वय समिति परिवार स्तब्ध भएको छ । उक्त घटना पश्चात प्राथमिक उपचार तामाकोशी सहकारी अस्पतालमा गरी थप उपचारको लागि राति नै धुलीखेल अस्पतालमा लगिएकोमा शल्यक्रियालगायतका उपचारका कार्य भईरहेको छ । सुवेदीको स्वास्थ्य अवस्थामा क्रमिक सुधार भईरहेको अस्पताल स्रोतबाट जानकारी प्राप्त भएको छ । यस दुःखद घडीमा सुवेदीको शिघ्र स्वास्थ्यलाभको लागि श्री परमेश्वरसंग सामुहिक प्रार्थना गर्दछौं साथै यस्तो गम्भीर आक्रमण गर्ने पक्षको तुरुन्त खोजीकार्य गरी कडा भन्दा कडा कानूनी कारवाही गरी एउटा राष्ट्रसेवकको जनता र देशप्रति पूर्ण बफादार र प्रतिवद्ध भई सेवा गर्ने उच्च मनोवल र भावनालाई सदैव कायम गर्न समेत सम्बद्ध सबै पक्षसंग जोडदार माग गर्दछौं । सुवेदीको स्वास्थ्य उपचार लगायतका कार्यमा संलग्न सबैमा जिल्ला समन्वय समिति परिवार हार्दिक आभार प्रकट गर्दछ ।

मितिः २०७५।०५।०८ गते ।

प्रेमबहादुर खड्का
प्रमुख
जिल्ला समन्वय समिति
रामेछाप

प्रमुख
जिल्ला समन्वय समिति